# सबैला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा

मधेश प्रदेश,नेपाल

प.सं. २०७९।०८०
च.नं. २०६

मिति : २०७९।०४।०५

विषय: विद्यालय दिवा खाजा सम्बन्धमा ।

श्री सामुदायिक विद्यालय सबै
सबैला नगरपालिका, धनुषा ।

प्रस्तुत विषयमा नेपाल सरकारको आर्थिक वर्ष २०७९।०८० को बजेट बक्तव्यको बुँदा नं. १६१ मा स्थानीय उत्पादनको उपभोगलाई प्राथमिकता दिई दिवा खाजा कार्यक्रमलाई क्रमशः कक्षा ८ सम्म विस्तार गर्ने लक्ष्यका साथ यस आर्थिक वर्षमा कक्षा ६ सम्म विस्तार गर्ने उल्लेख भईसकेको र शिक्षा तथा मानव स्रोत विकास केन्द्र, योजना तथा अनुगमन शाखा को च.नं. ०९ मिति २०७९।०४।०३ को पत्रबाट समेत लेखिआएकोले विद्यालय दिवा खाजा सम्बन्धमा तपसिल अनुसार गर्नुगराउनु हुन अनुरोध छ ।

**तपसिल**

१ विद्यालयमा प्रत्यक्ष कक्षा सञ्चालनमा रहेको दिन प्रारम्भिक बालविकास कक्षा देखि ६ सम्म अध्ययनरत बालबालिकाहरुलाई खाजा खुवाउनु हुन ।

२. दिवा खाजा सम्बन्धी अन्य विस्तृत जानकारीका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रको वेभसाइट cehrd.gov.np मा रहेको दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७ अध्ययन गर्नुहुन।

३. दिवा खाजाको रकम माग फारामको ढाँचामा प्रधानाध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको दैनिक हाजिरी विवरण प्रमाणित गरी त्रैमासिक रुपमा रकम माग गर्नुहुन ।

४. विद्यालयमा दैनिक खुवाईएको खाजाको मेनुगत र विद्यार्थीगत अभिलेख रजिष्टर तयार गरी दैनिक अद्यावधिक गरेर राख्नु हुन ।

५. दिवा खाजाको दैनिक मेनु व्यवस्थापन गत आर्थिक वर्ष झैं वा प्र.अ. बैठकबाट निर्णय भए अनुसार गर्नु गराउनु हुन ।

६. विद्यालय व्यवस्थापन समितिले दिवा खाजाको गुणस्तर र व्यवस्थापनको नियमित अनुगमन गरी सोको अभिलेख राख्नु हुन ।

बोधार्थ:
श्री सञ्चार तथा सूचना प्रविधि शाखा : वेवसाइटमा अपलोड गर्नुहुन ।

सन्तोष कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत